जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ | अंक १६६ | २०८० साल माघ १८ गते बिहीबार (1 Feb. 2024 Thursday) | मूल्य रु. ५/-

सामाजिक सञ्जालको प्रयोग गर्दा
सावधानी अपनाऔं,
सामाजिक मर्यादाको ख्याल गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : जनकपुर साहित्य कला तथा... ३ पृष्ठमा : पाकिस्तानका पूर्वप्रधानमन्त्री खान र उनकी ... ३ पृष्ठमासन् २०२३ मा सामसुङ..

## शिक्षक तथा विद्यालय कर्मचारीहरुले तलब माग्दै गरे तालाबन्दी




**दैनिक समाचारदाता**
**राजविराज, १७ माघ ।**

सप्तरीको कंचनरुप नगरपालिका कार्यालयमा शिक्षक तथा विद्यालय कर्मचारीहरुले तालाबन्दी गरेका छन् । लामो समयदेखी आफूहरुले तलब नपाएको भन्दै उनीहरुले बुधबार कार्यालय खुल्ना साथ नाराबाजी गर्दै सो कार्यालयमा तालाबन्दी गरेका हुन् ।

अघिल्लो दिन मंगलवार तलब माग्दै नगरपालिका मातहतका सामुदायिक विद्यालयका शिक्षक र कर्मचारीहरु विरोध प्रर्दशन र त्यस पश्चात धर्नामा बस्दा पनि कुनै सुनवाई नभएकाले बाध्य भई तालाबन्दीमा उत्रिनु परेको प्रधानाध्यापक तारानन्द मल्लिकले बताए ।

तालाबन्दीका कारण नगरपालिकाबाट प्रवाह हुने सबै सेवा ठप्प भएको छ । उक्त नगरपालिका क्षेत्र भित्र रहेका ३३ वटा सामुदायीक विद्यालयका शिक्षक र कर्मचारीले विगत तीन महिनादेखी तलब पाउन सकेका छैनन ।

तलब नपाउँदा घर व्यवहार चलाउन समेत समस्या भएको भन्दै शिक्षक र कर्मचारी मिलेर नगरप्रमुख ललन प्रसाद गुप्ता र उपप्रमुख मुना पोखरेललाई पटक पटक लिखित र मौखिक आग्रह गर्दा पनि कुनै सुनबाइ नभएको उनीहरुको गुनासो छ ।

हाल नगर प्रमुख काम विषेशले एक साताका लागी बाहिर गएका छन् । निमित्त प्रमुख पोखरेलले भने आफुले चाहेर पनि तलब खुवाउन नसकिएको लाचारी ब्यक्त गरेकी छिन् ।

प्रमुख प्रशासकिय अधिकृत पुरुषोत्तम घिमिरेले आफुलाई नगरप्रमुखबाट अख्तियारी प्रदान नगरीएकाले तलब खुवाउन समस्या भएको बताए । केही समय यता नगरप्रमुख गुप्ता र प्रमुख प्रशासकिय अधिकृत घिमिरे बीच चर्केको विवादका कारण आर्थिक कारोबार रोकिएको छ । दुबै बीचको विवाद मिलाउन प्रमुख जिल्ला अधिकारी किरण थापाले समेत पहल गर्दा पनि समाधान निस्कन सकेको छैन । जस कारण नगरपालिकाबाट हुने

***बाँकी अन्तिम पृष्ठमा***

## 'रअ'को एजेन्ट हुँ भन्दै ठगि गर्ने सप्तरीका राउत पक्राउ

**दैनिक समाचारदाता**
**काठमाडौं, १७ माघ ।**

भारतीय दूताबास निकट व्यक्ति भएको भन्दै श्रृडखलाबद्ध ठगी गर्ने सप्तरीका एक व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ ।

सप्तरीको शम्भुनाथ नगरपालिका २ कचनदाहा घर भई हाल काठमाडौं बुढानिलकण्ठ बस्ने श्रीकान्त राउतलाई प्रहरीले पक्राउ गरेको हो ।

उनले दूताबासबाट बिभिन्न किसिमका काम मिलाइदिने भन्दै ठगी गरेको प्रहरीले जनाएको छ । एक व्यक्तिलाई दूतावासमा भनसुन गराई केन्द्रीय विद्यालयमा छोरा निःशुल्क भर्ना गरिदिन्छु भन्दै दुई लाख रुपैयाँ ठगी गरेको आरोपमा जिल्ला प्रहरी परिसर, काठमाडौंले पक्राउ गरेको थियो ।

अनुसन्धानको क्रममा दूतावासमा एम्बुलेन्स तथा बस अनुदान मिलाइदिने, जागिरमा

***बाँकी अन्तिम पृष्ठमा***

## अनलाइन ठगी गरी रकमान्तर भएको खाताको व्यवस्थापन गर्ने राजविराजका साह पक्राउ

**दैनिक समाचारदाता**
**काठमाडौं, १७ माघ ।**

प्रहरीले अनलाइन ठगी गरी रकमान्तर भएका खाताको व्यवस्थापन गर्ने राजविराजका एक व्यक्तिलाई पक्राउ गरेको छ ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले अनलाइन ठगी गरी रकमान्तर भएका खाताको व्यवस्थापन गर्ने राजविराज नगरपालिका १० डुमरी बस्ने २६ वर्षीय डम्बर साहलाई पक्राउ गरेको हो ।

***बाँकी दुई पृष्ठमा***

## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**महादेवा गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

## मधेश प्रदेशमा जनमतले गऱ्यो प्रमुख प्रतिपक्षी दलको दाबी

**दैनिक समाचारदाता**
**जनकपुर, १७ माघ ।**

मधेश सरकारबाट समर्थन फिर्ता लिएपछि जनमत पार्टीले प्रमुख प्रतिपक्षी दलको दाबीसहित मान्यता दिन माग गरेको छ ।

जनमतका संसदीय दलका नेता महेश प्रसाद यादवले प्रमुख प्रतिपक्षी दलको मान्यता दिन सभामुख रामचन्द्र मण्डललाई पत्र बुझाएका हुन् । सरकारलाई दिएको समर्थन फिर्ता लिएकाले प्रमुख प्रतिपक्षी दल जनमत पार्टी बनेको उनको दाबी छ ।

अहिले मधेश प्रदेशसभामा नेकपा एमाले प्रमुख प्रतिपक्षी दलको मान्यता पाएको छ । २४ सांसद भएको सबभन्दा ठूलो दल एमाले सरकारमा सहभागी छैन तर समर्थन दिएको छ ।

तर जनमत पार्टी सरकारलाई दिएको समर्थन समेत फिर्ता लिइसकेको छ । प्रदेशसभामा १० प्रतिशत सदस्य रहेको र सरकारमा सहभागी नभएको दललाई प्रमुख प्रतिपक्षी दल हुने प्रावधान छ । १ सय ७ सदस्यीय प्रदेशसभामा जनमत पार्टीका १३ सांसद छन् ।

प्रदेशसभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धी कानुन बमोजिम जनमत पार्टीले प्रतिपक्षी दलको मान्यता पाउनुपर्ने जिकिर गरेको छ ।

जनमत संसदीय दलका नेता यादवले आफूहरूले प्रमुख प्रतिपक्षीको दर्जा माग्नु स्वाभाविक, सामान्य र कानुनसम्मत भएको बताए । एमालेले सरकारलाई समर्थन दिएकाले प्रमुख प्रतिपक्षी रहन नसक्ने उनको भनाई छ ।

तर एमालेको संसदीय दलका नेता सरोजकुमार यादवले आफ्नो पार्टी प्रमुख प्रतिपक्षी दलको रूपमा रहिरहने दाबी गरे ।

## भूकम्पको जोखिमबाट सुरक्षित बनौं

- भूकम्प जाँदा कमजोर संरचनाका कारण बढी जनधनको क्षति हुने गर्दछ।
- घर तथा अन्य संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधी तथा बलियो बनाऔं।
- प्राविधिकको सल्लाह लिएर मात्र सुरक्षित घर बनाऔं र पुरानो भए मर्मत सम्भार गरौं।
- भूकम्पबाट सुरक्षित रहन आवश्यक पूर्वतयारी गरौं।
- भूकम्प जाँदा आत्तिएर जथाभावी दौडने र भाग्ने नगरौं।
- धैर्यतापूर्वक घर/भवन बाहिर खुला तथा सुरक्षित स्थानमा जाऔं।
- भूकम्पमा अप्ठ्यारो परेकालाई सहयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### समयमै बजेट बिनियोजन गर

एक वर्षको अवधीमा १० महिनासम्म कामको थालनी नगर्ने तर, साल तमामीको एक दुई महिना बाँकी रहँदा हतार हतार बजेट सिध्याउने परिपाटीले जडो गाड्दै छ। सोही अवधीमा हचुवाको तालमा काम सम्पन्न गर्ने पुरानै परिपाटीलाई निरन्तरता दिइदै गरिएको छ। वर्षभरि बजेट निकासा नगरिकन साल तमामीको समयमा जसरी भएपनि बजेट सकाउने परिपाटीले गर्दा गुणस्तरीय काम हुन सकिरहेको छैन्। विगतमा पनि त्यही परिपाटी र अहिले पनि त्यही बाटो रोजेर गरिने कार्यको गुणस्तरता माथी समेत प्रश्न चिन्ह खडा हुने गरेको छ।

यसरी जनप्रतिनिधिहरु यस्ता विषयमा गम्भिर नहुँदा उनीहरुमाथी विश्वसनियतामा पनि शंका गर्ने प्रसस्तै ठाउँ छ। हतार हतारमा बजेट निकासा गरि योजना बाँडफाड गरिन्छ। विकासीय मात्र नभएर अन्य तालिम, गोष्ठी, सेमिनार, जनचेतना, सचेतना लगायतका कार्यक्रमहरु पनि वर्षको अन्तिम समयमै गरिन्छ। के वर्षको अन्तिम समयमा यस्ता कार्यक्रमहरु गरेर सकारात्मक परिणाम आउ त ! यस्ता कार्यक्रमहरु वर्षको सुरुवातमा गर्न सकिए त्यो कार्यान्वयन पनि हुने र सकारात्मक परिणाम पनि आउन सक्ने अपेक्षा गर्न सकिन्छ।

सम्पूर्ण पालिकाहरु गम्भिर भएर वर्षको सूरुवातदेखी नै अग्रसरता देखाउन सके त्यसले कामको चाप घट्नुका साथै अन्य कामहरु समेत प्रभावित नहुने र निगरानी गर्न सजिलो हुने कुरामा दुईमत नहोला। तसर्थ सम्पूर्ण जनप्रतिनिधि, सरोकारवाला निकाय लगायतले वर्षको सुरुमै बजेट बिनियोजन गराएर विभिन्न कामहरुलाई सक्रिय रुपमा अगाडी बढाउनेतर्फ ध्यानकेन्द्रित गर्नु आवश्यक छ।

# जनकपुर साहित्य कला तथा अन्तर्राष्ट्रिय नाटक महोत्सवको तयारी पूरा

जनकपुरधाम, १७ माघ (रासस)।

बिहीबारदेखि सुरु हुने चौथो जनकपुर साहित्य कला तथा अन्तर्राष्ट्रिय नाट्य महोत्सव २०८० को सम्पूर्ण तयारी पूरा भएको छ। मैथिली विकास कोषद्वारा बुधबार जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा कोषका अध्यक्ष जीवनाथ चौधरीले सम्मेलनको व्यवस्थापनलगायत सम्पूर्ण तयारी पूरा भएको जानकारी दिनुभयो।

जनकपुरधामस्थित महेन्द्रनारायण निधि संस्कृति केन्द्रमा बिहीबारदेखि यही माघ २२ गतेसम्म सञ्चालन हुने पाँच दिवसीय महोत्सवमा साहित्य, कला, राजनीतिक, सामाजिक तथा इतिहाससँग सम्बन्धित विभिन्न २० विषयमा विमर्श, चित्रकला, पुस्तक, मिथिला भोजन प्रदर्शनीलगायत कार्यक्रम तय भएको अध्यक्ष चौधरीले बताउनुभयो।

त्यसैगरी महोत्सवमा नेपाल र भारतका कलाकारद्वारा मैथिली, नेपाली, हिन्दी, असामी र बङ्गाली गरी पाँच भाषामा आठ नाटक पनि प्रदर्शन गरिनेछ। महोत्सवको उदघाटन पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले र समापन मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले गर्नुहुनेछ। विभिन्न विषयमाथि हुने विमर्शमा नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापा, नेकपा (एमाले) का सचिव योगेश भट्टराई, नेकपा (एकीकृत समाजवादी) का सचिव रामकुमारी झाँक्री, राष्ट्रिय समाचार समिति (रासस)का कार्यकारी अध्यक्ष धर्मेन्द्र झा लगायत वक्ताले सहभागिता जनाउने कार्यक्रम रहेको पनि कोषले जनाएको छ।

कोषले विसं २०७३ देखि हरेक दुई वर्षमा महोत्सव आयोजना गर्दै आएको छ। मैथिली विकास कोष, मधेस प्रदेशको उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय आयोजक र जनकपुरधाम उपमहानगरपालिका सहआयोजक रहेको महोत्सवको लागत करिब रु ५२ लाख अनुमान गरिएको जनाइएको छ। महोत्सवमा नेपाल र भारतका करिब तीन सय वक्ता र कलाकर्मी लगायतको सहभागिता रहने पनि आयोजकले जनाएको छ।

# सवारीसाधन जाँचको व्यवस्था मिलाउन आग्रह

काठमाडौँ, १७ माघ (रासस)।

देशभरका सार्वजनिक यातायात व्यवसायीको छाता संस्था नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घले विश्रामस्थलमा मात्र सार्वजनिक सवारीसाधन जाँचको व्यवस्था मिलाउन आग्रह गरेको छ।

महासङ्घका अध्यक्ष विजयबहादुर स्वाँर नेतृत्वको टोलीले मंगलबार प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरलाई भेटेर जथाभावी सवारीसाधन जाँच गर्दा चालक, सहचालक र यात्रुलाई समस्या भएको भन्दै विश्रामस्थलमा सवारी जाँचको व्यवस्था मिलाउन आग्रह गरेको हो।

"राष्ट्रिय राजमार्ग र सहायक मार्ग बिग्रेका छन्, बिग्रेका सडकमा ठाउँठाउँमा सवारीसाधन जाँच गर्दा समयमा गन्तव्यमा पुग्न ढिला हुने गरेको छ, त्यसैले निश्चित स्थानमा जाँचको व्यवस्था गर्नुपर्छ", महानिरीक्षक कुँवरलाई बुझाएको ज्ञापनपत्रमा उल्लेख छ।

दुर्घटना न्यूनीकरणका लागि मापदण्ड विपरित रुट इजाजत बिना सञ्चालन भएका सवारीसाधन रोक लगाउने व्यवस्था मिलाउनुपर्ने महासङ्घका महासचिव डेकनाथ गौतमले बताउनुभयो। महासङ्घले बिपी राजमार्गलगायतका मार्गमा टाइम कार्ड लगाउनुपर्ने, दुर्घटना न्यूनीकरणका लागि प्रदेश, जिल्लास्तरीय सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न सहकार्य गर्नसमेत आग्रह गरेको छ।

यसैगरी, दुर्घटना पश्चात सवारी साधनलाई २४ घण्टाभित्र सम्बन्धित कम्पनी वा व्यवसायीले पाउने कानूनी व्यवस्थालाई कडाइका साथ लागू गर्ने व्यवस्था मिलाइदिन समेत महासङ्घले अनुरोध गरेको छ। सवारी ऐन, २०४९ विपरित दर्ता भएका तर प्रयोजन विपरित सार्वजनिक सवारीसाधन सरह यात्रु र मालसामान ओसारपसार गर्ने र गराउने कार्यलाई रोक लगाउन अनुरोध गरिएको महासङ्घका महासचिव सरोज सिटौलाले जानकारी दिनुभयो।

सो अवसरमा प्रहरी महानिरीक्षक कुँवरले देशभर हुने सवारी दुर्घटनालाई रोक्नका लागि 'टास्क फोर्स' निर्माण गरी यातायात व्यवसायीसँग सहकार्य गरेर अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

# सुन व्यापारी साहलाई पक्राउ गरेको बिरोधमा व्यापारीद्वारा प्रदर्शन



**दैनिक समाचारदाता**
**जनकपुर, १७ माघ।**

जनकपुरधामका सुन व्यापारी बलराम साहलाई प्रहरीले पक्राउ गरेको बिरोधमा व्यापारीहरुले बुधबार बिरोध प्रदर्शन गरेका छन्।

बिना बिलको सुन ल्याएको भन्दै प्रहरीले सुन व्यापारी साहलाई पक्राउ गरेको हो। उनको जनकपुरधाममा बलराम ज्वेलर्स (सुनचाँदी पसल) छन्।

व्यापारी साह पक्राउ गरेको विरोधमा जनकपुरधामका अधिकांश सुनचाँदी पसल बन्द छ। व्यावसायीहरु सडकमा टायर बालेर प्रहरीविरुद्ध प्रदर्शन गरेका थिए।

उनले बाहिरबाट बिना बिलको सुन खरिद गरेर ल्याएकाले अनुसन्धानका लागि नियन्त्रणमा लिएको धनुषाका प्रहरी प्रमुख एसपी मित्रबन्धु शर्माले जानकारी दिए। व्यापारी साहसँगै कारोबारमा संलग्न अन्य केहि व्यापारीलाई समेत प्रहरीले पक्राउ गरेको छ। पक्राउ गरेकाहरुलाई अनुसन्धान तथा कारबाहीका लागि धनुषा प्रहरीले राजश्व कार्यालय पथलैया पठाएको धनुषा प्रहरीले जनाएको छ।

व्यापारी साह सिरहाको मिर्चैयास्थित कालिगढबाट ४४ ग्राम सुनका गरगहना किनेर ल्याउन लागेको बेला प्रहरीले गोप्य सूचनाको आधारमा सुनसहित नियन्त्रणमा लिएको थियो।

जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठले प्रहरीले गलत इन्टेन्शनले व्यापारी साहलाई पक्राउ गरेको बताए। उनले भने, 'मिर्चैयाबाट व्यापारी साहले सुनका गरगहना ल्याएका थिए। पैसा नदिएकाले बिल दिइएको थिएन्। यो सानो कुरालाई प्रहरीले ठूलो इसु बनायो।'

## अनलाइन ठगी गरी...



अपराध अनुसन्धानका प्रहरी उपरीक्षक एवम् प्रवक्ता रवीन्द्र रेग्मीका अनुसार साहले विभिन्न सामाजिक सञ्जालहरूमा विभिन्न व्यक्तिहरूलाई पार्सल पठाइदिन्छु भनी ठगी गर्ने गरेको अनुसन्धानबाट खुलेको छ।

पीडितहरूले साहले सञ्चालन गरेको उदगम भेन्चर क्यापिटल, प्रोफिस्ट ग्रुप र डम्बर साहको व्यक्तिगत खातामा विभिन्न तहमा पठाउने गरेका थिए।

उदगम भेन्चर क्यापिटल, प्रोफिस्ट ग्रुप र डम्बर साहको व्यक्तिगत खातामा नेपाली रुपियाँ एक अर्ब ४९ करोड ६२ लाख ७४ हजार २४४ रुपियाँ रहेको प्रवक्ता रेग्मीले जानकारी दिनुभयो।

साहविरुद्ध ३४ जनाको उजुरी परेको प्रवक्ता रेग्मीले जानकारी दिए। साहलाई पक्राउ गरी जिल्ला प्रहरी परिसर टेकु पठाइएको छ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# पाकिस्तानका पूर्वप्रधानमन्त्री खान र उनकी पत्नीलाई भ्रष्टाचारको अभियोगमा १४ वर्ष जेल सजाय

इस्लामावाद, १७ माघ (रासस/एएफपी)।

पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खान र उहाँकी पत्नी बुशरा बीबीलाई भ्रष्टाचारको अभियोगमा बुधबार १४ वर्षको जेल सजाय सुनाइएको छ।

राष्ट्रिय निर्वाचनको एक साताअघि खानलाई राज्यको गोप्य सूचना चुहावटसम्बन्धी मुद्दामा १० वर्षको जेल सजाय सुनाइएको एक दिनपछि यो फैसला आएको हो।

पीटीआईका संस्थापक तथा पूर्व प्रधानमन्त्री खान र उहाँकी पत्नीलाई १० वर्षसम्म कुनै पनि सार्वजनिक पद धारण गर्न अयोग्य घोषित गरिएको छ भने उहाँलाई ७८ करोड ७० लाख पाकिस्तानी रुपैयाँ जरिवाना समेत गरिएको छ।

एआरवाई न्यूजका अनुसार बुधबारको सुनुवाईमा पीटीआईका संस्थापक बीबीलाई अदालतमा पेश गरिएको थियो।

खानको पाकिस्तान तेहरीक-ए-इन्साफ (पीटीआई) पार्टीका प्रवक्ताले भन्नुभयो, "हाम्रो न्यायिक प्रणालीलाई भत्काइँदैछ। यो पाकिस्तानको इतिहासमा अर्को दुःखद दिन हो।"



गत अगष्टमा पक्राउ परेदेखि अधिकांश समय हिरासतमा राखिएको जेलभित्र भएको सुनुवाइपछि खानको सजाय लगातार वा सँगसँगै चलिरहने हो वा होइन भन्ने स्पष्ट हुन सकेको छैन।

खानका वकिल सलमान सफदरले पनि एएफपीसँग कुरा गर्दै खान र उहाँकी पत्नी बुशरा बीबीलाई सजाय सुनाइएको पुष्टि गर्नुभएको छ।

"खान र उहाँकी पत्नी बीबीलाई सजाय सुनाइएको छ। बीबीलाई अहिलेसम्म पक्राउ गरिएको छैन," सफदरले भने।

उहाँहरूको सन् २०१८ मा खान प्रधानमन्त्री निर्वाचित हुनुभन्दा केही महिनाअघि विवाह भएको थियो।

खानले आध्यात्मिक मार्गदर्शनका लागि सम्पर्क गर्दा बीबीलाई भेटेको र उहाँ सार्वजनिक रूपमा विरलै देखिनुहुन्छ।

करिब १२ करोड ७० लाख पाकिस्तानीले आगामी बिहीबार हुने चुनावको दिन मतदान गर्न पाउनेछन्, जसमा खान र पीटीआई बहसको केन्द्रमा रहेका छन्।

मतदानमा धाँधलीको आरोप लागेको छ, खानलाई भ्रष्टाचारको अघिल्लो अभियोगबाट भाग्नबाट रोक लगाइएको छ र उहाँको पार्टीले व्यापक दमनको सामना गर्नुपरेको छ।

सन् २०२२ मा सत्ताच्युत भएयता खानलाई पाकिस्तानका सैन्य योजनाकारविरुद्ध अवहेलनाको अभियान चलाएपछि उहाँलाई पुनः सत्तामा फर्कन नदिन अदालती मुद्दाले गाडेको छ।

खानले आफ्नो कार्यकालको अधिकांश समय साझेदारीमा शासन गरेको शक्तिशाली सेनामाथि अमेरिका समर्थित षडयन्त्रमा आफूलाई सत्ताच्युत गरेको आरोप लगाएको थियो।

गत वर्षको मे महिनामा खानलाई पहिलो पटक पक्राउ गर्दा देशभर दङ्गा भड्किएको थियो।

उहाँको सडक आन्दोलन एक सैन्य दमनद्वारा निस्क्रिय पारिएको थियो जसमा हजारौं पीटीआई समर्थकहरूलाई हिरासतमा लिइएको थियो। जसमध्ये सयौंले बन्द-ढोकाभित्र सैन्य सुनुवाईको सामना गरिरहेका छन् र दर्जनौं वरिष्ठ नेताहरूलाई भूमिगत हुन बाध्य पारिएको छ।

"हरेक अन्यायको बदला फेब्रुअरी ८ मा आफ्नो भोटबाट लिनुपर्छ", खानले सामाजिक सञ्जाल एक्स (ट्वीटर) मा आफ्नो प्रोफाइलमा पोस्ट गरेको सन्देशमा भन्नुभएको छ,"तिनीहरूलाई मतदानमार्फत् जवाफ दिनुहोस् हामी लौरोले लखेट्न सकिने भेडा होइनौं।"

## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**
**राजगढ गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**
**तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

# विश्व समाचार

## सन् २०२३ मा सामसुङ इलेक्ट्रोनिक्सको सञ्चालन मुनाफामा ८४.९ प्रतिशतले गिरावट

सियोल, १७ माघ (रासस/सिन्ह्वा)।

दक्षिण कोरियाको प्रविधि कम्पनी सामसुङ इलेक्ट्रोनिक्सले गत वर्षको आम्दानीमा दोहोरो अङ्कको गिरावट बेहोरेको छ। स्थानीय रूपमा निर्मित ब्राण्डहरूको कमजोर विश्वव्यापी मागले चिप्सबाट हुने आम्दानी घट्दा घाटा निम्त्याएको कम्पनीले बुधबार जनाएको छ।

सन् २०२३ मा सामसुङको परिचालन मुनाफा ८४.९प्रतिशतले घटेर ६.५७ ट्रिलियन पुगेको छ। पछिल्लो समयमा विश्वव्यापी वित्तीय सङ्कटले विश्व अर्थतन्त्रलाई तहसनहस पारेको छ।

राजस्व १४.३ प्रतिशतले घटेर २५८.९४ ट्रिलियन ओन तथा शुद्ध आय ७२.२ प्रतिशतले घटेर १५.४९ ट्रिलियन ओन पुगेको छ।

अक्टोबर-डिसेम्बरको तीन महिनामा मात्रै परिचालन मुनाफा ३४.४ प्रतिशतले घटेर २.८२ ट्रिलियन ओन पुगेको छ।

चौथो त्रैमासिकमा राजस्व ३.८ प्रतिशतले घटेर ६७.७८ ट्रिलियन ओन र शुद्ध आय ७३.४ प्रतिशतले घटेर ६.३४ ट्रिलियन ओन पुगेको छ।

सामसुङको चिप बनाउने व्यवसायले चौथो क्वाटरमा २१.६९ ट्रिलियन ओनको राजस्वमा परिचालन घाटा २.१८ ट्रिलियन ओन रेकर्ड गरेको छ।

चौथो क्वाटरको मेमोरी चिप्स व्यवसायले अघिल्लो त्रैमासिकको तुलनामा मोबाइल उपकरण र चिप्सको बलियो मागसँगै उत्पादन गर्ने आर्टिफिसियल इन्टेलिजेन्स (एआई) मा विस्तारित लगानीका कारण सर्भरको मागमा सुधार देखाएको कम्पनीले जनाएको छ।

एलएसआईले चौथो त्रैमासिकमा आविस्कारसम्बन्धी आम्दानीमा सुधार देखाएको छ। तर विश्वव्यापी आर्थिक सुधारमा ढिलाइका कारण धातुजन्य समानको आम्दानीमा गिरावट आएको छ।

सामसुङको डिस्प्ले प्यानल युनिटले अक्टोबर-डिसेम्बरमा ९.६६ ट्रिलियन ओनको राजस्वमा २.०१ ट्रिलियन ओनको परिचालन मुनाफा भएको बताएको छ।

मोबाइल डिस्प्ले व्यवसायले अघिल्लो त्रैमासिकको तुलनामा चौथो त्रैमासिकमा राम्रो प्रदर्शन देखाएको छ। स्मार्ट फोनको माग अलि बढी थियो, ठूलो प्यानल व्यवसायले वर्षको अन्त्यसम्ममा मौसमी टिभीको मागका कारण घाटामा केही कम भएको छ।

सामसुङको मोबाइल र नेटवर्क डिभिजनले २५.०४ ट्रिलियन ओनको राजस्वमा २.७३ ट्रिलियन ओनको परिचालन मुनाफा दर्ता गरेको छ।

कम्पनीले ग्यालेक्सी एस २४ श्रृंखलामा ग्यालेक्सी एआईलाई एकीकृत गरेर एआई स्मार्टफोन बजारको नेतृत्व गर्ने लक्ष्य राखेको बताएको छ।

सामसुङको टिभी र डिजिटल उपकरण युनिटले त्रैमासिकमा १४.२६ ट्रिलियन ओनको राजस्वमा ५० बिलियन ओनको परिचालन घाटा दर्ता गरेको छ।

प्रमुख बजारहरूमा उपभोक्ताको भावना बिग्रिएको कारण समग्र टिभीको माग वार्षिक आधारमा कमजोर भएको छ। तीव्र प्रतिस्पर्धाको बीचमा लागत बढेको सामसुङले उल्लेख गरेको छ।

सन् २०२३ मा सामसुङको कूल पूँजीगत खर्च ५३.१ ट्रिलियन ओन थियो जसमा ४८.४ ट्रिलियन ओन सेमिकन्डक्टर युनिटमा र २.४ ट्रिलियन ओन डिस्प्ले प्यानल डिभिजनमा खर्च गरिएको थियो।

## राष्ट्रसङ्घद्वारा सोमालियाका लागि १.६ अर्ब अमेरिकी डलरको मानवीय योजना सार्वजनिक

संयुक्त राष्ट्रसङ्घ, १७ माघ (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसङ्घले सन् २०२४ को मानवीय आवश्यकता तथा प्रतिक्रिया योजना सार्वजनिक गरेको छ। यसमा ५२ लाख सोमालियालीहरूलाई सहयोगका लागि १.६ अर्ब अमेरिकी डलर माग गरिएको छ।

"विश्व निकायले आफ्ना साझेदारहरू र सोमालियाको सङ्घीय तथा राज्य सरकारहरूसँग मिलेर प्रयास गर्‍यो," संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसका प्रवक्ता स्टेफन दुजारिकले नियमित पत्रकार सम्मेलनमा बताउनुभयो।

गत वर्ष, सोमालिया विनाशकारी खडेरी भारी वर्षा, बाढीका कारण प्रभावित भएको थियो। सोमालियामा लाखौं मानिसहरू भोकमरी र कुपोषणबाट पीडित रहेको प्रवक्ता दुजारिकले बताउनुभयो

प्रवक्ताका अनुसार देशको जनसङ्ख्याको लगभग एक चौथाई (४० लाख) भन्दा बढी मानिसहरूले हाल खाद्य असुरक्षाको सामना गरिरहेका राष्ट्रसङ्घको मानवीय मामिला समन्वय कार्यालय (ओसिएचए) ले जानकारी गराएको छ।

तथ्याङ्क अनुसार छ वर्ष मुनिका प्रत्येक पाँचमध्ये दुई जना बालबालिका तीव्र कुपोषणबाट पीडित रहेको सङ्केत गरेको दुजारिकले बताउनुभयो। सोमालिया आन्तरिक विस्थापनको गम्भीर समस्यासँग जुझिरहेको छ। लगभग ३८ लाख व्यक्तिहरू विभिन्न सङ्टका कारण आन्तरिक रूपमा विस्थापित भएका छन्।

सोमालियाले हाल हैजाको प्रकोपको सामना गरिरहेको बताउँदै हैजा तीव्र गतिमा फैलिरहेको उहाँले बताउनुभयो।

# आर्थिक क्षेत्रमा पहुँच नपुगेसम्म महिला सशक्तिकरण सम्भव नहुने : गैसस अध्यक्ष सुवेदी




**दैनिक समाचारदाता**
**राजविराज, १७ माघ ।**

गैर सरकारी संस्था महासंघका राष्ट्रिय अध्यक्ष राम प्रसाद सुवेदीले आर्थिक क्षेत्रमा पहुँच नपुगे सम्म महिला सशक्तिकरण सम्भव नहुने बताएका छन् ।

बुधवार राजविराज ६ स्थित सामुदायिक महिला विकास केन्द्र (स्वडेक) को २९ औं स्थापना दिवस कार्यक्रममा प्रमुख अतिथीको आसनबाट बोल्दै उनले यस्तो बताएका हुन् ।

महिला पछाडी पर्नूमा अवसरबाट बञ्चित तथा महिला हिंसा नै प्रमुख कारक रहेको बताउँदै उनले हरेक क्षेत्रमा राज्यले महिलालाई अवसर प्रदान गर्नु पर्ने आवश्यक्ता औंल्याए । महिला हिंसाको घटना मधेश प्रदेशमा सर्वाधिक हुने गरेको भन्दै चिन्ता ब्यक्त गरेका उनले यस्को न्यूनिकरणका लागी सबै सरोकारवाला मिलेर काम गर्नू पर्नेमा जोड समेत दिए ।

उनले विषेश गरी विपन्न समुदायका महिलाहरुलाई यस्ता गैरसरकारी संस्थाले सकेसम्म बढी अवसर दिएर काममा लगाउनु पर्नेमा जोड दिदै यसले संस्थाको उद्देश्य पुरा हुनुका साथै समाजमा महिलाहरुलाई अगाडी आउन समेत योगदान पुग्ने बताए ।

संस्थाको आफ्नै कार्यालय भवन निर्माणका लागी ५० लाख भन्दा बढी मुल्य बराबरको २ कट्ठा ८ धूर जग्गा उपलब्ध गराएका संस्थापक अध्यक्ष इन्जिनीयर इन्द्र नारायण देव तथा वर्तमान अध्यक्ष उनको धर्मपत्नी मिरा देवको प्रसंसा गर्दै उनले अन्य गैरसरकारी संस्थाका लागी समेत यो सहयोग उदाहरण र अनुकरणिय हुने बताए ।

देव दम्पतीले दिएकै जग्गामा अहिले सो संस्थाको कार्यालय भवन निर्माण भई संचालनमा समेत आइसकेको छ । कार्यक्रममा शुभकामना दिदै गैसस महासंघका बरिष्ठ उपाध्यक्ष ध्रुव देवले गाडीको उपकरण र चालक कुशल भए दुर्घट्नाको जोखिम कम हुने तर्क प्रस्तुत गर्दै संचालक, व्यवस्थापक र कर्मचारी सबै कुशल भएकै कारण सामुदायीक महिला विकास केन्द्र सफलतापूर्वक गनतब्य तर्फ बढीरहेको बताए ।

कार्यक्रममा संस्थापक अध्यक्ष एवं सल्लाहकार इ.देवले २०५१ साल माघ १७ गते स्थापना भएको संस्थाले रोजगार सिर्जना, महिला सशक्तीकरण, गरिबी निवारण, पुर्वाधार विकास तथा वितिय लगायत क्षेत्रमा काम गर्दै आएको जानकारी गराउँदै भावी दिनमा थप कार्यक्रमहरु समेटेर अघि बढ्ने बताएका थिए ।

संस्थाका अध्यक्ष मिरा देवको अध्यक्षतामा आयोजित कार्यक्रममा गैसस महासंघ मधेश प्रदेशका कोषाध्यक्ष लक्षमण यादव, सगरमाथा अपांग कल्याण संघ सप्तरीका अध्यक्ष बलदेव मण्डल, गैसस सप्तरीका प्रतिनिधी पार्थो सरकार लगायतले पनि शुभकामना दिएका थिए ।

# नक्कली नोटसहित श्रीमान श्रीमती पक्राउ

**दैनिक समाचारदाता**
**सर्लाही, १७ माघ ।**

नक्कली नोटसहित श्रीमान श्रीमती पक्राउ परेका छन् । सर्लाही सदरमुकाम मलंगवा नगरपालिका ३ नगरपालिका चोकबाट १ हजार रुपैयाँ दरको २ बटा नक्कली नोटसहित उनीहरुलाई प्रहरीले पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा सोही नगरपालिका ९ बस्ने नसारु खान र उनकी श्रीमती ३२ वर्षीया नसारा खातुन छन् । उनीहरूले नक्कली नोट लिएर अण्डा किन्ने क्रममा वादविवाद भइरहेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय सर्लाहीबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त नोटसहित पक्राउ गरेको हो ।

## शिक्षक तथा विद्यालय...

विभिन्न गतिविधी समेत प्रभावित हुन थालेको भन्दै स्थानीयले अविलम्ब यसको समाधान खोजिनु पर्ने मागँ गरेका छन ।

उक्त शिक्षक तथा कर्मचारी आन्दोलनले नगरपालिका भित्र रहेका ३३ बटा सामुदायिक विद्यालयमा अध्ययनरत १३ हजार ७ सय ८१ जना विद्यार्थीको पढाई अवरुद्ध भएको छ ।

## 'रअ'को एजेन्ट हुँ ...

लगाइदिने भनेर समेत अन्यलाई ठगी गरेको खुलेको छ ।

यस्तै भारतीय गुप्तचर निकाय 'रअ'को एजेन्ट हुँ भनेर समेत कतिपयलाई उनलाई धम्काएको परिसरका एक अधिकृतले बताए । ठगी मुद्दामा उनीमाथि प्रहरीले कारबाही अघि बढाएको छ ।


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**



## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**

**छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

# जेसीजद्वारा ट्राफिक जनचेतनामूलक कार्यक्रम सम्पन्न




**दैनिक समाचारदाता**
**राजबिराज, १७ माघ ।**

राजबिराज जेसीजको आयोजना तथा ट्राफिक प्रहरी कार्यालय राजबिराजको सहकार्यमा "ट्राफिक जनचेतनामूलक कार्यक्रम" बुधबार सम्पन्न भएको छ ।

राजबिराज ट्राफिक प्रहरी कार्यालय अगाडी आवतजावत गरिरहेका सवारी साधनहरूलाई रोकी ट्राफिक सम्बन्धी जनचेतनामूलक सन्देश सहितको पम्प्लेट वितरण गर्नुका साथै सवारी साधनहरूमा सन्देशमूलक स्टिकर टास्ने कार्य गरिएको थियो ।

राजबिराज जेसीज वर्ष २०२४ का अध्यक्ष बिप्लव आनन्दको अध्यक्षतामा सम्पन्न कार्यक्रममा राजबिराज जेसीजका निवर्तमान अध्यक्ष उज्ज्वल काबरा, कोषाध्यक्ष सुनित मुन्ना र उपाध्यक्ष सौरभ सिंह, ट्राफिक प्रहरी कार्यालय, राजबिराजका प्रहरी तथा राजबिराज नगरपालिकाका सरसफाई इन्चार्ज राम कुमार यादव र फायरम्यान श्याम कुमार पण्डितले समेत कार्यक्रममा सहभागिता जनाएका थिए ।


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**

**रुपनी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*